फालेलुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
(सामान्य प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा)

थकेपुङ, पाँचथर

प.सं.: ०७९/०८०

मिति: २०८०/०३/१०

च.नं.

**कोशी प्रदेशको स्थानिय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० बमोजिम तहबृद्वि सम्बन्धि सूचना।**

(प्रथम पटक सूचना प्रकाशित मितिः- २०८०/०३/१०)

(सूचना नं. १/०७९/०८०)

प्रस्तुत विषयमा मिति २०८०/१/१४ मा जारी भएको कोशी प्रदेशको स्थानिय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० तथा दफा ४ को उपदफा ५ र दफा ८ को उपदफा १६ र उपदफा १८ तथा फालेलुङ गाउँपालिकाको स्थानीय सेवाको तह बृद्धि/बढुवा सम्बन्धी कार्यविधि, २०८० को दफा ३ र ५ बमोजिम तह बृद्धि हुने सम्भाव्य उम्मेद्वारहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ। सम्भाब्य उम्मेद्वारहरुले मिति २०८०/३/२४ गते भित्र तोकिएको ढाँचामा निवेदन पेश गर्नका लागि फालेलुङ गाउँपालिकाको स्थानीय सेवाको तह बृद्धि/बढुवा सम्बन्धी कार्यविधि, २०८० को दफा ४ बमोजिमको सिफारिस समितिको मितिः २०८०/०३/०९ गतेको निर्णयानुसार दरखास्त आह्वान गरीन्छ। उम्मेद्वारहरुले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरूः-

(क) नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी।

(ख) सुरु स्थायी नियुक्तिदेखी हालसम्मको नियुक्ति/पदस्थापन पत्रहरुको प्रतिलिपी।

(ग) तह बृद्धि भएको भए सोको प्रमाणपत्रको प्रतिलिपी।

(घ) फालेलुङ गाउँपालिकाको स्थानीय सेवाको तह बृद्धि/बढुवा सम्बन्धी कार्यविधि, २०८० को दफा ५ बमोजिम तहबृद्विको लगि न्युनतम योग्यता पुरा भएको हुनुपर्ने।

(ङ) फालेलुङ गाउँपालिकाको स्थानीय सेवाको तह बृद्धि/बढुवा सम्बन्धी कार्यविधि, २०८० को दफा ९ बमोजिम अयोग्य नभएको हुनुपर्दछ। स्वतः तहबृद्धि हुने कर्मचारीको हकमा भने प्रचलित कानून बमोजिम हुनेछ।

(च) स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश २०८० को दफा ८ को उपदफा १४ र १६, दफा २८ र दफा २९ बमोजिम योग्यता, सेवा अवधि र कार्यसम्पादन मुल्याङ्कन पेश गर्नुपर्नेछ।

(छ) अन्य कुराहरु प्रचलित नियमानुसार हुनेछ। आवेदन तोकिएको ढाँचामा १५ दिनभित्र कार्यालय समयभित्र दर्ता गराउनु पर्नेछ।

.........................

डम्बर बहादुर आङदेम्बे

प्रमुख प्रशासकीय अधिकृत



phalelungmun.gov.np ९८-५२६-८४-१०४ phalelunggaunpalika@gmail.com